स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



फिल्म निर्माण र अभिनय दुईटै विधामा सक्रिय छिन्, पूजा शर्मा□। 'थ्री लभर्स'बाट अभिनय करिअर सुरु गरेकी उनले 'म यस्तो गीत गाउँछु'बाट पहिलो पटक निर्माणमा हात हालेकी थिइन्□। त्यसपछि उनको निर्माण यात्रा रोकिएको छैन□। 'रामकहानी' र 'म यस्तो गीत गाउँछु २'पछि अब पूजाको निर्माणमा बनेको चौथो फिल्म 'रावायण' यही भदौ २१ गते अर्थात् तीजको दिनबाट प्रदर्शन हुँदैछ□।

**आजको विचार...**



शस्त्रद्वन्द्वको... (दुई पेजमा)

पुष्कर अथक रेग्मी

गत बैशाख र जेठ महिना नेपाली फिल्मका लागि सम्झनलायक रह्यो । यो दुई महिनामा तीन फिल्म सफल भए । असारमा आएको 'घरज्वाइँ' पनि राम्रो चल्यो । तर , त्यसपछि नेपाली फिल्मको अवस्था बिग्रिएको थियो । हरेक हप्ता हलमा फिल्म नटुटे पनि व्यापार कुनैको सन्तोषजनक रहेन । एक फिल्मका निर्माताले 'सुन उपहार दिन्छु' भनेर ललिपप देखाउँदा समेत दर्शकले चासो देखाएनन् ।यो व्यापारिक खडेरीलाई तोड्नुपर्ने चुनौती बोकेर यही शुक्रबारदेखि फिल्म 'वर एन्ड वधु' प्रदर्शनमा उत्रिएको थियो ।



□ वर्ष ३० □ अंक ४८ □ २०८१ भदौ १७ गते सोमबार 2 September 2024, Monday □ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## १५ आइएस लडाकूको मृत्यु

**(रासस/एएफपी):**

**बग्दाद,** भदौ १६/अमेरिका र इराकी सेनाको संयुक्त कारबाहीमा इराकको पश्चिमी मरुभूमिमा इस्लामिक स्टेट समूहका १५ लडाकू मारिएका छन् भने सात अमेरिकी सैनिक घाइते भएको अमेरिकी सेन्ट्रल कमान्ड ( सेन्टकम)ले जनाएको छ ।

'सेन्टकम'का अनुसार इस्लामिक स्टेटका नेताहरूलाई लक्षित गरी स्थानीय समय अनुसार बिहीबार बिहान गरिएको उक्त आक्रमणमा १५ जना आइएस लडाकूको मृत्यु भएको थियो । आइएस लडाकू 'सयौं हातहतियार, ग्रेनेड र विस्फोटक आत्मघाती बेल्ट' सहित सुसज्जित थिए । सेनाले घटनास्थल र वरपरका क्षेत्रमा थप खोजी जारी राखेको छ । आक्रमणका क्रममा पाँच अमेरिकी सैनिक र अन्य दुई घाइते भएको एक रक्षा अधिकारीले जानकारी दिएका छन् । इराकी अधिकारीले उक्त क्षेत्रमा छापा मारेको जानकारी गराएको केही घण्टापछि सेन्टकमको वक्तव्य शनिबार बिहानै आएको हो । इराकी गुप्तचर संस्थाले 'दुई महिनाभन्दा बढीको मानव र प्राविधिक निगरानी' ले जिहादीहरूले प्रयोग गर्ने 'चार सुरक्षित घर' पहिचान गर्न अनुमति दिएको बताएको छ । मृत्यु हुनेमा वरिष्ठ नेतासमेत रहेको र फरेन्सिक परीक्षणको काम भइरहेको बताइएको छ । इराकमा इस्लामिक स्टेट समूहका 'गतिविधि धेरै हदसम्म नियन्त्रण भएको' भए पनि यो समूह छिटपुट र प्रभावशाली आक्रमण गर्न सक्षम छ,' संयुक्त राष्ट्रसंघको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### मोहन कन्याले मनायो ७४ औं वर्ष

# शैक्षिक र भौतिक विकासका लागि बहस चलाऔं : सांसद राना

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ १६/लुम्बिनी प्रदेश सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले शैक्षिक र भौतिक विकासका लागि बहस चलाउनुपर्ने बताएका छन् । आइतबार तानसेनस्थित मोहन कन्या माध्यमिक विद्यालयको ७४ औं वार्षिक उत्सव तथा अभिभावक समारोहलाई सम्बोधन गर्दै उनले समग्र शैक्षिक र भौतिक विकासका लागि शैक्षिक बहस चलाउन आवश्यक रहेको बताएका हुन् ।

विद्यालयको शैक्षिक र भौतिक विकासका लागि बहस चलाएर खाका तयार गर्न सांसद रानाले विद्यालयलाई आग्रह गरे । उनले भने ' विद्यालयको वार्षिक उत्सव शुभकामना दिने कुरा मात्र हैन, आज एउटा शैक्षिक बहस चलाउने दिन पनि हो । विगतमा हामी कहाँ थियौं, वर्तमानमा कहाँ छौं र भविष्यमा के गर्ने भन्ने कुरामा बहस चलाउने दिनका रुपमा वार्षिक उत्सवका रुपमा हामीले लिनुपर्छ ।' विद्यालयमा अझै पनि छात्रावासको जिर्ण अवस्थामा रहेको र विद्यालयले भौतिक रुपमा पूर्णता पाउन नसकेको अवस्थामा विद्यालयले बहस चलाएर एक किसिमको खाका तयार गरी अगाडि बढ्न सांसद रानाले आग्रह





गरे । उनले 'अब विद्यालयलाई जीवनपर्यन्त रुपमा अगाडि बढाउन के कस्ता योजना बनाउने भन्ने विषयमा चिन्तित हुनुहोस्, विद्यालयको शैक्षिक र भौतिक विकासका लागि यहाँ के आवश्यक छ, शिक्षा कस्तो बनाउने भन्ने एक किसिमको खाका बनाउनुहोस् , म त्यसका लागि प्रदेश सरकारमा पहल गर्छु ।' सांसद रानाले अब युग सुहाउँदो शिक्षा अहिलेको आवश्यकता रहेको समेत बताए । देशको समृद्धि र विकासको आधार नै समय सुहाउँदो शिक्षा आवश्यक रहेको उल्लेख गर्दै त्यसतर्फ धयान दिन जरुरी रहेको उनले उल्लेख गरे ।

सांसद रानाले विद्यार्थी आकर्षण गर्नका लागि पनि गुणस्तरीय र समय सुहाउँदो शिक्षा अहिलेको आवश्यकता रहेकाले त्यसतर्फ विद्यालयले सोच्नुपर्ने बताए । उनले भने, 'लामो समय सामाजिक क्षेत्रमा सक्रिय विधान श्रेष्ठ जस्तो व्यक्ति विद्यालयको जिम्मेवारीमा हुनुहुन्छ, पूर्व अध्यक्ष झपेन्द्र गहिरे जस्ता पूर्व नेतृत्वहरुले खेलेको भूमिका प्रशंसनिय छ । अब समय सुहाउँदो शिक्षा दिन वार्षिक उत्सवको अवसरमा विद्यालयले प्रण लिन आवश्यक छ ।' लुम्बिनी प्रदेशका अर्का सांसद इन्द्र गहतराजले पनि विद्यालयको शैक्षिक र भौतिक विकासका लागि प्रदेश सरकारसँग लविङ गर्ने बताइन् । विद्यालयकी पूर्व शिक्षक समेत रहेकी गहतराजले विद्यालयले विगतदेखि अहिलेसम्म भोग्दै आएका आरोह अवरोहका बारेमा उल्लेख गरेकी थिइन् । कार्यक्रममा नेपाली काँग्रेसका लुम्बिनी प्रदेश सदस्य कृष्ण प्रसाद अधिकारी, नेपाली काँग्रेसका जिल्ला उपसभापति झपेन्द्र गहिरे, नेकपा एमाले तानसेन नगरका अध्यक्ष गुराँस आत्रेय, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, वडा सदस्य हरीबहादुर कार्की, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, तानसेन नगरपालिकाकी शिक्षा शाखा प्रमुख कपिला न्यौपाने, विद्यालयका पूर्व प्रअहरु केशव लक्ष्मी श्रेष्ठ, देवप्रसाद बज्राचार्य लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त गरेका थिए कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधानप्रसाद श्रेष्ठले भावी योजना प्रस्तुत गर्दै विद्यार्थी संख्या वृद्धि गर्ने, शैक्षिक गुणस्तर वृद्धि गर्ने, आधुनिक छात्रावास निर्माण गर्ने, चमेना गृह निर्माण गर्ने योजना अगाडि सारेको बताए । उनले विद्यालयमा २५ हजार ५ सय २५ कोअक्षयकोष समेत स्थापना गरेका छन् ।

**-बाँकी अन्तिम पेजमा...**

## पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** भदौ १६/ नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । इण्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य कायम भएर आएअनुसार निगमले आइतबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको हो ।

जस अनुसार पेट्रोलमा प्रतिलिटर दुई, डिजेल तथा मट्टितेलमा प्रतिलिटर एक रुपैयाँले मूल्य घटेको छ । आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर पाँच र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा प्रतिकिलोलिटर अमेरिकी डलर ३७ ले घटाइएको निगमले जनाएको छ । नयाँ मूल्य आइतबार विहानदेखि लागू भएको निमगद्धारा जारी विज्ञप्तिमा उल्लेख छ । खाना पकाउने ग्यासको मूल्य भने यथावत राखिएको छ ।

**-बाँकी अन्तिम पेजमा...**

## आज कुसे औंसी, बाबुको मुख हेर्ने दिन

**पाल्पा,** भदौ १६/हिन्दुधर्मालम्बीहरूले भाद्र कृष्ण औंसीका दिन मनाउने बाबुको मुख हेर्ने पर्व आज देशभर पितालाई विशेष सम्मान गरी मनाइँदैछ । 'पितृदेवो भव:' अर्थात् जन्म दिने बाबुलाई देवता समान मान भन्ने धार्मिक मान्यताका आधारमा आज छोराछोरीले पितालाई विशेष सम्मान गर्छन् । यस दिन पिताप्रति आदर सम्मानका साथ मीठो खाना तथा राम्रो लगाउन दिने प्रचलन छ ।

अन्धकार रुपी संसारमा ज्ञान एवं कर्मको दिब्य ज्योती प्रदान गरेर संसारमा अघि बढ्न सिकाउने गूरुका रुपमा रहेका पीतालाई छोराछोरीहरुले मनपर्ने विभिन्न खानेकुरा, लत्ताकपडा लगायतका विभिन्न वस्तुहरु दिदै बुबाको सम्मान गर्ने गर्दछन् । यो दिन बाबु हुनेहरुले आफ्ना बुबाको योगदानको कदर गर्दै सम्मान गर्ने गर्छन् । बाबु नहुनेले भने दिवङ्गत पितालाई तर्पण, सिदादान र श्राद्ध गरेर एवं पिताप्रति आदर सम्मान गर्ने गर्दछन् । बुवालाई पिता, बाबा, तात ड्याडी, पापआदि




शब्दले पनि चिनिन्छ । यो दिनलाई अर्को शब्दमा पीतृऔंसी, पीतृदिवस, गोर्कण औंसी, कुशे औंशी आदि पनि भनिन्छ । आमापछिको द्वितिय गुरुका रुपमा शास्त्रले बर्णन गरेको छ । महत्वपूर्ण धार्मिक कार्य गर्नुअघि पनि पितृकै स्मरण गर्ने चलन छ । पीतालाई संरक्षण गर्ने, रक्षा गर्ने र पालनपोषण गर्ने चरित्रका रुपमा शास्त्रमा उल्लेख छ । औशीका दिन आफूलाई कर्म दिने बुवाको मुख हेर्न छोराछोरीहरू बुवा भएको ठाउँमा पुग्ने गरेका छन् । तर बुबा भएको ठाउँसम्म पुग्न नसकेकाहरु आफ्ना बुवालाई टेलिफोन तथा विभिन्न सामाजिक इमेल, स्काइप, फेसबुक लगायतका विभिन्न सञ्जालमार्फत सम्झने र कुराकानी गरेर आर्शिवाद लिने तयारी गरेका छन् । घरमा रहेकाले बाबुलाई भेटेरै आर्शिवाद लिदै छन् ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मोतीराम भट्टको योगदान अनुसरण गरौं

कवि मोतीराम भट्टको नेपाली भाषा, साहित्य, संगीत, कला, पत्रकारिता क्षेत्रको विकास, विस्तार जगेर्नामा महत्वपूर्ण योगदान रहेको छ । नेपाली भाषा, साहित्य र पत्रकारिताको माध्यमबाट मोतीरामले नेपाली समाजलाई एकाकार बनाएको पाइन्छ । समाजमा विभिन्न किसिमबाट योगदान गर्न सकिन्छ भन्ने कुराको महत्वपूर्ण उदाहरण मोतीराम हुन् । भाषा, कला, साहित्य र पत्रकारिताका माध्यमबाट उनले पुऱ्याएको योगदान सबैका लागि प्रेरणादायी रहेको छ । मोतीराम भट्ट नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समालोचक तथा माध्यमिक कालका प्रवर्तक थिए । थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुऱ्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन् । तिनै व्यक्तिको आज जन्मजयन्ती हो । उनको जन्मजयन्तीका दिन सोमबार देशभर विभिन्न साहित्यिक कार्यक्रम गरी मनाइँदै छ । वि.सं. १९२३ भाद्र कुशे औँसीका दिन काठमाडौँको भोसिकोटोलमा जन्मिएका युवाकवि भट्टको वि.सं. १९५३ भाद्र कुशे औँसीकै दिन ३० वर्षको उमेरमा निधन भएको थियो । जन्म र मृत्यु एउटै तिथिमा हुनु विरलै पाइने संयोग हो ।

१९४० देखि १९७६ सालसम्मको नेपाली साहित्यमा श्रृङ्गारिक धाराको सुरुवातकर्ता मोतीराम भट्ट थिए । मोतीराम भन्नेबित्तिकै शिर श्रद्धाले झुक्छ भने मन नमीठो हुन्छ । किनकि उनले छोटो जीवनभित्रै गर्न भ्याएका कालजयी काम सम्झँदा जुनसुकै नेपालीको पनि शिर श्रद्धाले झुक्नु स्वाभाविकै हो तर त्यस्ता होनहार प्रतिभाले ३० वर्षभन्दा बढी बाँच्न नपाउनुको विडम्बना चित्त दुखाउने विषय होरु। मोतीरामले छोटो जीवनमा जे जति काम गरेर गए, त्यति काम गर्न अरू मानिसले पूर्ण आयुको जीवनमा पनि भ्याउँदैनन् । साहित्य सिर्जनाका दृष्टिले मात्र नभई सामाजिक कार्यमा पनि उनको सक्रियता उस्तै बाक्लो देखिन्छ । उनले पढ्दै, पुस्तक लेख्दै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, पुस्तकालय खोल्दै, छापाखानाको स्थापना गर्दै युवाकाल बिताएको पाइन्छ । उनका उपलब्ध ग्रन्थावली', 'गजेन्द्रमोक्ष', 'प्रह्लाद भक्ति कथा', 'पिकदूत', 'भानुभक्तको जीवन चरित्र' लगायत कृति प्रकाशित छन् । मोतीरामले बनारसबाट पत्रिका निकालेर नेपाली पत्रकारिताका लागि बाटो खोलिदिएका थिएरु। त्यसैले नेपाली साहित्यमा मात्र होइन, पत्रकारितामा पनि उनको ऐतिहासिक योगदान रहेको छ । शृङ्गार रस र भक्ति रसमा रोचक गजल लेख्ने मोतीरामलाई नेपाली गजलका पिता मानिन्छ । अहिले युवा स्रष्टामा गजल विधा निकै लोकप्रिय छ । विशेषतः उनका कृतिहरुप्रतिको समर्पणले, नेपाली भाषाको फराकिलो दायरा र नेपालीपन उघोष गर्दछ । नेपाली साहित्यको श्रीवृद्धिमा मोतीरामको योगदान अनुकरणीय र प्रशंसनिय रहेको छ । तसर्थ उनको योगदानको सबैले अनुसरण गरी नेपाली साहित्यको विकासमा लाग्न जरुरी छ ।

### Opinion @ Social Network

शान्त भएर मेहेन्तर गरीराख,
हल्ला त पछि सफलताले मच्याई हाल्छ !

*(मनिषा आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# त्रिशूल : लेख्ने कसरी



पुष्कर अथक रेग्मी

***कविता, लघुकाव्य, खण्डकाव्य, महाकाव्य एकैचोटी कसैले पनि लेख्न सक्दैनन् । कुनै कुरा र घटनाक्रमले आफूलाई छोयो भने पनि अञ्जान व्यक्तिहरू सिर्जना गर्न सक्दैनन् । सिकारुहरूले पनि अर्थ न वर्षका सिर्जना गर्छन् यसर्थ अभिव्यक्तिलाई छोटकरीमा सूत्रात्मक ढंगले प्रस्तुत गर्न सकिने नवीनतम् काव्यको रुपमा, त्रिशूललाई लिन सकिन्छ ।***

**प्रस्तावना**
कविता, आख्यान, निबन्ध र नाटक साहित्यका चार विधाहरू हुन् । जसमध्ये कविता अर्थात् काव्य सर्वव्यापी विधाको रुपमा रहँदै आएको छ । पूर्वीय र पाश्चात्य साहित्यको विकास र विस्तारसँगै वर्तमान समयमा विभिन्न विधा/उपविधा/प्रविधाहरू प्रयोगमा आइरहेको परिप्रेक्ष्यमा नेपाली लघुतम् कविता साहित्यको इतिहासमा नवीतम् योगदान पुऱ्याउने उद्देश्यका साथ त्रिपदी काव्य उपविधाको रुपमा 'त्रिशूल' को परिकल्पना प्रस्तावनासहित यस आलेखमा सैद्धान्तिक विमर्श प्रस्तुत गरिएको छ ।

**पृष्ठभूमि :** प्राचीन कालमा साहित्यको समुच्य रुपलाई वाङ्मय भनिन्थ्यो । गद्य वा पद्यमा लेखिएका शास्त्र तथा काव्य दुवै प्रकारका समस्त भाषावद्ध रचनाहरूको समूह वा ग्रन्थलाई वाङ्मय भनिन्छ । समयक्रमसँगै वाङ्मयले ज्ञानशास्त्रका विविध पाटाहरूलाई समेत प्रतिनिधित्व गर्दै आएकोले 'साहित्य' भित्र कविता, आख्यान, नाटक र निबन्ध विधाहरू समावेश भएता पनि कविता अर्थात् काव्य भित्र लघुतम्देखि बृहतम् रूपसम्मका गद्य र पद्यमय विधा/उपविधा/प्रविधाहरू समावेश भएका पाइन्छन् । काव्य भन्नाले विशेषतः कविता, लघुकाव्य, खण्डकाव्य, महाकाव्य, गीतिकाव्य, नाट्यकाव्य समेतलाई बुझिन्छ । पूर्वीय र पाश्चात्य साहित्यको विकास र विस्तारसंगै विश्यव्यापी रूपमै उत्तर आधुनिक समयमा छोटा कविताहरू लेखिदै आइएका छन् । यसै परिप्रेक्ष्यमा नेपाली लघुतम् कविता साहित्यको उपविधा/प्रविधाको रुपमा नयाँ नयाँ प्रयोग र प्रस्तुतिहरू हुँदै आएका छन् । यस्ता उपविधाहरू द्विपदी, त्रिपदी, चतुष्पदी, पञ्चपदी, षट्पदी, सप्तपदीसम्म रहेका छन् । नेपाली साहित्यमा विशेषतः हाइकु, सुसेली, बाछिटा, कोपिला, साइनो, छेस्का, उदक, पञ्चक लगायतका त्रिपदी उपविधाहरू प्रयोगमा आइरहेको अवस्थामा त्रिपदी काव्य उपविधाको रुपमा 'त्रिशूल' को परिकल्पना शुभारम्भ गरिएको हो ।

**त्रिशूलको जन्म र विकास**
नेपाल राष्ट्र, लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा - ३ भगवती टोल श्रीनगर क्षेत्र निवासी पुष्कर अथक रेग्मीले वि.सं २०७८ साल असार ७ गते सोमबार निर्जला एकादशीका दिन लघुतम् काव्य उपविधाको रुपमा चतुष्पदी काव्य 'शीत' को परिकल्पना गरेका थिए । 'शीत' काव्यले व्यापिकरण पाएसँगै पुष्कर अथक रेग्मीले पुनः मिति २०७८ भाद्र २२ गते मंगलबार, कुशे औंसी (बाबुको मुख हेर्ने दिन) मोति जयन्तीको दिनदेखि त्रिपदी काव्यको लघुतम् उपविधाको रुपमा 'त्रिशूल' को परिकल्पना प्रस्तावना गरेका हुन् । अथकद्वारा उक्त दिन मुहार पुस्तिकामार्फत सामाजिक सञ्जालमा त्रिशूलको परिचय सहित काव्य संप्रेषण गर्नुका साथै नवजनचेतना दैनिकमा प्रकाशन भएसँगै/ गरेपछि त्रिशूल काव्य यात्रा शुभारम्भ भई त्रिशूलको जन्म भएको हो । सर्वप्रथम सामाजिक सञ्जाल एवं पाल्पाबाट प्रकाशित हुने नवजनचेतना राष्ट्रिय दैनिकमा त्रिशूलहरू प्रकाशित हुन् । त्रिशूलको जन्मपूर्व नै परिकल्पनाकारले मिति २०७४/०४/३० मा तीन अक्षरी कविता सिर्जना गरेका थिए । त्रिशूल काव्यको परिकल्पना भएसँगै विभिन्न लघुतम काव्य उपविधाप्रति सरोकार राखी कलम चलाउने स्रष्टा/त्रिशूल यात्रीहरूले नियम/सिद्धान्त/सूत्र भित्र रही त्रिशूल लेखन, अनलाइन पत्रिका एवं सामाजिक सञ्जालमा संप्रेषणका साथै विभिन्न पत्रपत्रिका तथा सद्रालोहरूमा प्रकाशित गर्दै गएका छन् । विशेषतः नवजनचेतना राष्ट्रिय दैनिक, पोखराथोक साहित्य संगम पाल्पाद्वारा प्रकाशित बाटिकामा केही त्रिशूल काव्य र संक्षिप्त सैद्धान्तिक विमर्श प्रकाशित भएका छन् । त्रिशूल काव्य यात्रा नामक सामाजिक सञ्जाल समूहद्वारा यसले व्यापकता पाउँदै गएको छ । त्रिशूल यात्री पारखीहरूले समेत सामाजिक सञ्जालमार्फत त्रिशूल संप्रेषण गर्दै आएका छन् । नेपाली लघुतम कविता-काव्य साहित्यको इतिहासमा त्रिपदीय काव्य सिर्जनामा अत्यन्त लघुतम स्वरूपमा त्रिशूल काव्य उपविधालाई स्वीकार गरी यसको विकास र विस्तार हुँदै जानेछ भन्ने कुरामा विश्वस्त रहन सकिन्छ ।

**त्रिशूलको अर्थ :** त्रिशूल मिलेर त्रिशूल बनेको छ । त्रि को अर्थ तीन हुन्छ भने शूलको अर्थ प्राचीनकालको भाला जस्तो तीखो र घोच्ने फलामे हतियार हुन्छ । यी दुवै अर्थलाई मिलाप गर्दा नेपाली शब्दकोष अनुसार, शिवजीको प्रधान शस्त्र भनिने तीन चुच्चे भएको एक हतियारलाई 'त्रिशूल' भनिन्छ ।

**त्रिशूल काव्यको परिभाषा :** अरस्तुका अनुसार, "भाषाका माध्यमले अनुकरण गरिने कलाको आदर्श रूप नै कविता हो ।" राष्ट्रकवि माधव प्रसाद घिमिरेका अनुसार, "शब्द र संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।" उल्लेखित परिभाषाहरूको मनन् र त्रिशूलको अर्थ तथा संरचनालाई संयोजन गरी अचकले त्रिशूल काव्यको परिभाषा यसरी दिएका छन् :- "त्रिशूल त्रिपदी लघुतम् काव्य हो" "त्रिशूल शब्दार्थपूर्ण अनौठो अनुभूतिमय त्रिपदी काव्य हो ।" "छ, सात, आठ वा नौ अक्षरमा संरचित त्रिपदी काव्य त्रिशूल हो " "त्रिशूल मुक्तकीय संरचना निकट पृथक त्रिपदी काव्य हो ।"

**त्रिशूलको संरचना :** पाश्चात्य साहित्यमा त्रिपदी कवितालाई पनि मुक्तक काव्य निकट राखिएको छ । जसलाई ट्रसेट ट्रिप्लेट (त्भचकभत रत्चष्उभित) भनिएको छ । यद्यपि त्रिपदी काव्य चतुष्पदी काव्य मुक्तकका विशेषता भन्दा फरक देखिन्छन् । त्रि को अर्थ तीन भएकोले तीन पंक्तिभित्र ६,७, ८ वा ९ अक्षरको संरचनामा लेखिएको एक श्लोक काव्यलाई त्रिशूल भनिएको छ । चार हरफ पंक्तिमा हुने काव्यिक रचनालाई चतुष्पदी भनियो भने तीन हरफ (पंक्ति, पद हुनेलाई त्रिपदी भन्न पाइयो । यसर्थ तीन शब्द भएकालाई त्रिपदी भनियो र त्रिशूल नामाकरण गरियो । अति प्राचीन वाङ्मय वेदमा समेत त्रिपदी शब्द प्रयोग भएको पाइन्छ । हाम्रा भजन र टुक्काहरू समेत त्रिपदी शैलीमा लेखिएका छन् । त्रि अर्थात् तीनलाई नै किन आधार लिइयो भन्ने सन्दर्भमा इच्छा, ज्ञान र क्रियाकै आधारमा हाम्रो दिनचर्या चलेको छ । त्रिशक्तिकै आधारमा सृष्टि र सिर्जनाहरू चलेका छन् । काव्य सिर्जनाका लागि समेत त्रिशक्तिकै आवश्यक छ । काशी, प्रयाग र गया यी तीन प्रसिद्ध या बढी हुनु, अनुप्रास ( तुक) नमिल्नु, सूत्र नमिल्नु, भाव नखुल्नु, शब्द संयोजन नमिल्नु, शुद्धाशुद्धि नमिल्नु, व्याकरणका नियमहरू कर्ता, क्रिया, कर्म र कालसंगति नहुनु लगायतका दोषहरू हुन सक्छन् । सम्भाव्य दोषहरू चिनेर दोषमुक्त त्रिशूल लेख्नु पर्दछ ।

**त्रिशूलको उदाहरण :** (क) २+२+२= ६ अक्षर चिम्म आँखा झिम्म (ख) २+३+२=७ अक्षर छुप्की आइछ लप्की (ग)३+२+३=८ अक्षर नक्कल खैत सक्कल (घ) ३+३+३=९अक्षर

**कसिलो अपूर्व रसिलो :** प्रस्तावनामा भनिए जस्तै नेपाली लघुतम कविता साहित्यको इतिहासमा नवीनतम् योगदान पुऱ्याउनु त्रिशूलको उद्देश्य हो । यसका साथै काव्यिक माध्यमद्धारा सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक, समसामयिक घटनाक्रम र विक्ति विसंगती माथि विद्रोह गर्दै त्रिशूल बनेर अचूक प्रहार गर्नुका साथै माया, प्रिति, यौवन, रहर, सुख, दुःख, कथा, व्यथा, इतिहास एवं नैतिक शिक्षाको संप्रेषण गरी सरोकारवालाहरू सबैको ध्यानाकर्षण गराउनु लघुतम त्रिपदी काव्य त्रिशूलको उद्देश्य हो । कविता, लघुकाव्य, खण्डकाव्य, महाकाव्य एकैचोटी कसैले पनि लेख्न सक्दैनन् । कुनै कुरा र घटनाक्रमले आफूलाई छोयो भने पनि अञ्जान व्यक्तिहरू सिर्जना गर्न सक्दैनन् । सिकारुहरूले पनि अर्थ न वर्षका सिर्जना गर्छन् यसर्थ अभिव्यक्तिलाई छोटकरीमा सूत्रात्मक ढंगले प्रस्तुत गर्न सकिने नवीनतम् काव्यको रुपमा, त्रिशूललाई लिन सकिन्छ । भाव र अर्थालङ्कार छैन भने लामा र ठूला काव्यहरू पनि निरस साहित्य हुन सक्छन् । अतः सामान्य सरल शब्द र संरचनामा चोटिलो र पोटिलो शब्दहरू मार्फत मर्म र गर्व भेदी त्रिशूल प्रहार गरेर काव्य उपविधा सिर्जना गर्न सिकारु,क्रियाशील, स्थापित र प्रतिष्ठित सबै स्रष्टालाई लघुतम् त्रिशूल उपयोगी, सहयोगी र प्रयोगी काव्यको रुपमा उपस्थित भएको छ ।

**निष्कर्ष :** 'त्रिशूल' हाइकु, सुसेली र बाछिटा जस्ता त्रिपदीय काव्यको लघुतम् रुप हो ।

काव्यिक इतिहासमा त्रिशूल नेपाली माटोमा जन्म भएको लघुतम त्रिपदी काव्य हो । ताङ्का, सेन्यू, हाइकु आदि विदेशी शैलीका काव्य भएकाले नेपाली साहित्यमा समस्यापूर्तिको रुपमा 'त्रिशूल' लाई लिन सकिन्छ । नेपाली साहित्यमा हाइकुको बगैचा फस्टाएझै आगामी दिनमा 'त्रिशूल' काव्यले व्यापकता पाउनेछ । त्रिशूल सिद्धान्ततः त्रिपदी आयामिक संरचनामा आवद्ध हुन्छ र बद्ध तथा मुक्त दुवै ढाँचामा लेखिन्छ । त्रिशूल काव्य लेखनमा विशेषतः बिम्ब, प्रतीक, रस, अलङ्कार, अर्थ, भाव, भाषा, शैली जस्ता पक्षहरूले जीवन्त भूमिका खेलेका हुन्छन् । त्रिशूल चोटिलो, पोटिलो र गर्विलो सहित अर्थ पूर्ण एवं परिष्कृत हुनुपर्दछ । सरल शुद्ध ठेट नेपाली बोलीचालीको भाषामा त्रिशूल लेख्दा काव्य अत्यन्त सुन्दर र प्रभावशाली हुन जान्छ । त्रिशूलको परिकल्पना भएसंगै सामाजिक संजालहरू मार्फत त्रिशूल संप्रेषण हुँदै आएको छ भने विभिन्न पत्रपत्रिका, संगालो, विशेष' एवं साहित्यिक कृतिहरूमा त्रिशूल प्रकाशन हुँदै आएका छन् । नेपाली त्रिपदी लघुतम काव्यको व्यापिकरणका लागि 'त्रिशूल' काव्य स्वादिष्ट चटनीका रुपमा उपस्थित भएको छ । समयको मागसँगै स्रष्टा र 'ष्टाको जनसंख्या दिनानुदिन बढ्दै जानेछ । त्रिशूल : त्रिपदीय काव्य उपविधा सैद्धान्तिक विमर्श र त्रिशूल काव्य सहितको कृति "अमोघ" प्रकाशित भइसकेको छ । लेखकसँग सम्पर्क गरी पुस्तक निःशुल्क लिन सक्नु हुनेछ । यसो भएपछि त त्रिशूल लेख्न सकिहाल्नु हुन्छ नि !

***(लेखक त्रिशूलका परिकल्पनाकार समेत हुन् ।)***

***(सन्दर्भ : त्रिशूल काव्यको चौथो परिकल्पना वर्ष)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताले अवसर दिलाउनेछ। विश्वास गरेकाले साथ पनि दिनेछन् । | **तुला** : प्रेममा मधुरता छाउनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **बृष** : मनमा दुबिधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । | **बृश्चिक** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |
| **मिथुन** : मनमा उत्साहका हुनेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् । | **धनु** : विद्यामा सफलता पाइएला । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कर्कट** : चिताएको कामले तीव्रता लिनेछ। वित्तिय संस्थाबाट सहयोग पाइएला । | **मकर** : लगानीको वातावरण बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । |
| **सिंह** : आफन्तको सहयोग प्राप्त हुनेछ । सामाजिक प्रतिष्ठा मिल्नेछ । | **कुम्भ** : कामले तीव्रता लिनेछ । व्यापार व्यवसायबाट विशेष लाभ हुने देखिन्छ । |
| **कन्या** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । | **मीन** : साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । प्राविधिक काम पूरा हुनेछन् । |

## शिक्षा

# शिक्षक पाउनै मुस्किल

रसुवाको नौकुण्ड गाउँपालिका-३, फाम्चेतस्थित गौतम बुद्ध माध्यमिक विद्यालयले आठ पटक विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकेको छैन । पालिकाको निर्देशनानुसार अब नवौँ पटक विज्ञापन आह्वानको तयारी भइरहेको छ । विद्यालयले माध्यमिक तह गणित विषयको अस्थायी करारको शिक्षक माग गरेको थियो । भदौ १३ गतेसम्म अन्तिम मिति राखेर आठौँ पटक विज्ञापन आह्वान गरेकोमा दुई जनाको आवेदन परेको थियो । तर, उनीहरूले नआउने खबर पठाइसकेका छन् । एक जनाले गोरखातिर राहत शिक्षकमा जागिर पाएको, अर्कोले लोक सेवाको तयारी गर्न लागेको भन्दै नआउने जानकारी दिएको विद्यालयका प्रधानाध्यापक धनबहादुर बोगटीले बताए । विज्ञापन अनुसार आवेदन दिने र अन्तिममा अन्त जागिर पाएको भन्दै परीक्षा दिनै नआउने गरेको उनको भनाइ छ । रसुवा विकट हिमाली जिल्ला भएकाले कसैको पनि रोजाइमा पर्दैन । 'हिमाली जिल्ला भएर कोही पनि आउन खोज्दैनन् । आएका पनि टिक्दैनन् । शिक्षक नपाउँदासम्म विज्ञापन आह्वान गर्नुको विकल्प छैन,' प्रधानाध्यापक बोगटीले भने । अछामको चौरपाटी गाउँपालिका-५, दुनीमा रहेको देवीमाण्डौ माध्यमिक विद्यालयले शिक्षक भर्तीका लागि सातौँ पटक विज्ञापन आह्वान गरेको छ । संघीय शिक्षण सिकाइ अनुदानमार्फत शिक्षकका लागि सातौँ पटक विज्ञापन आह्वान गरे पनि पाउन सकेको छैन । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झंकर साउदले ६ पटक विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन नसकेको बताए । अहिले सातौँ पटक विज्ञापन आह्वान गरिएको र भदौ १८ गतेसम्म म्याद रहेको उनले बताए । अहिले सातौँ पटकको विज्ञापन आह्वानमा एक जनाले फोन गरेको तर, आवेदनचाहिँ अहिलेसम्म नदिएको उनको भनाइ छ । शैक्षिक योग्यतामा बीएससीसँगै एक वर्षे बीएड गरेर शिक्षक अध्यापन अनुमतिपत्र (लाइसेन्स) भएको हुनुपर्ने भन्ने छ । लाइसेन्स अनिवार्य गरिएकाले हालसम्म शिक्षक पाउन नसकिएको अध्यक्ष साउदले बताए । बाग्लुङको ताराखोला गाउँपालिकामा रहेको नेपाल माध्यमिक विद्यालयले शिक्षकका लागि पाँच पटक विज्ञापन आह्वान गरे पनि पाउन सकेको छैन । माध्यमिक तह रसायनशास्त्र विषय पढाउने शिक्षक पाउन नसकेको हो । त्यस्तै रोल्पा, थवाङको वीर बलभद्र नमुना माध्यमिक विद्यालयले समेत पाँच पटक विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकेको छैन । उसले माध्यमिक तह गणित विषय शिक्षकका लागि विज्ञापन आह्वान गर्दै आएको छ । दैलेखको भगवतीमाई गाउँपालिका-१, गन्ममा रहेको सरस्वती माध्यमिक विद्यालयले निमावि तह गणित विषय पढाउने शिक्षकका लागि चौथो पटक विज्ञापन आह्वान गरेको छ । तीन पटक विज्ञापन गर्दा पनि शिक्षक नियुक्ति हुन नसकेपछि विद्यालयले चौथो पटक विज्ञापन आह्वान गरेको हो । भगवतीमाई गाउँपालिकाले राहत शिक्षकका लागि विज्ञापन आह्वान गर्न अनुमति दिएको थियो । साउन २६ गते चौथो पटक विज्ञापन आह्वान गरेकोमा सात जनाको आवेदन परेको विद्यालयका प्रधानाध्यापक खगेन्द्र कुमार खड्काले बताए । विगत तीन पटकमा आवेदन दिने तर, परीक्षामा कोही पनि पास नभएको खड्काको भनाइ छ । चौथो पटकमा आवेदन दिएका सात जनाको केही दिनमा परीक्षा गरिने उनले जानकारी दिए । बैतडीको पञ्चदेव आधारभूत विद्यालयले तेस्रो पटक शिक्षकका लागि विज्ञापन आह्वान गरेको छ । संघीय शिक्षण सिकाइ अनुदान कोटामा निमावि अंग्रेजी शिक्षकका लागि तेस्रो पटक विज्ञापन आह्वान गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष करुणाकर भट्टले यसअघि दुई पटक विज्ञापन आह्वान गर्दा शिक्षकको पदपूर्ति हुन नसकेको बताए । अहिले तेस्रो पटक आह्वान गरेको र ९ जनाको आवेदन परेको उनको भनाइ छ । भट्टका अनुसार अब केही दिनमा परीक्षा गरिनेछ । दुई पटकको दरखास्त आह्वानमा आवेदन परे पनि कुनै पनि उम्मेदवार सफल हुन सकेका थिएनन् । डोटीको खत्याडी माध्यमिक विद्यालयले जीव विज्ञान विषय पढाउने शिक्षकका लागि तेस्रो पटक विज्ञापन आह्वान गरेको छ । करार अनुदान शिक्षकका लागि तीन पटक विज्ञापन आह्वान गर्दासमेत कोही नआएका हुन् । अहिले भदौ १८ गतेसम्मको म्याद दिएर तेस्रो पटक विज्ञापन आह्वान गरिएको छ । अनुदान करारतर्फ माध्यमिक तहमा बाली विज्ञान पढाउन शिक्षकको माग गरेको हो । तर, हालसम्म पाउन नसकेको विद्यालयले जनाएको छ । हाल मुलुकभर १ लाख १० हजार दरबन्दी र राहत तथा अन्य गरेर एक लाख ९१ हजार शिक्षक कार्यरत छन् । गणित, विज्ञान, अंग्रेजी लगायतका विषयका शिक्षक पाउनै मुस्किल छ । विशेषगरी शिक्षकका लागि लाइसेन्स अनिवार्य गरिँदा त्यस्तो समस्या देखिएको हो ।

**शिक्षण पेसाप्रतिको आकर्षण घट्यो** : अध्यक्ष मोक्तान सामुदायिक विद्यालय व्यवस्थापन महासंघका अध्यक्ष गुणराज मोक्तानले शिक्षण पेसाप्रतिको आकर्षण घट्दै गएको बताए । 'क्यापेबल मान्छेको रोजाइमा शिक्षा नै परेन । शिक्षक नपाउने भनेको विज्ञान, गणित तथा अंग्रेजीमा हो ।

शिक्षक बन्नका लागि माविको शिक्षक बन्न चार वर्षे ब्याचुलर पढ्नुपर्ने,' अध्यक्ष मोक्तानले भने, 'ब्याचुलर सकिन ६ वर्ष लाग्ने । त्यसपछि लाइसेन्सको परीक्षा समेत कडा ढङ्गको हुने । लाइसेन्स पास गर्ने शिक्षक पाउनै गाह्रो हुने भयो ।' बीएससी गरेकाहरू शिक्षक बन्न खोजिरहेका तर, लाइसेन्सका कारण गाह्रो भइरहेको उनले बताए । यसको विकल्पको विषयमा राज्यले सोच्नुपर्ने उनले प्रस्ट पारे । कतिपय बेला शिक्षक ठिक पारेरमात्रै विज्ञापन गर्नुपर्ने अवस्था छ । अरूले लैजालान् कि भन्ने डरले पहिला शिक्षक तयार पार्ने र त्यसपछि मात्रै विज्ञापन गर्नुपर्ने अवस्था रहेको अध्यक्ष मोक्तानले बताए । शिक्षक नपाउनुमा अर्को कारण हो, सुविधा । 'जागिर नै गरेर राम्रो आम्दानी नहुने भयो । गाउँमा शिक्षक भएर बस्दा उसको सबै खाले अवसर गुम्दा रहेछन् । गाउँमा शिक्षक भएर बस्दा अरूतिर अवसर नपाउने, अरू केही गर्न नपाउने अवस्था रहेछ,' उनले भने । सहरमा पढाउने एक जना मावि शिक्षकले दुई लाख रुपैयाँसम्म कमाउँछन् । तर, गाउँको शिक्षकले तलबबाहेक केही कमाउन नपाउने उनको भनाइ छ । 'सहरको एक जना मावि शिक्षकले दिउँसो स्कुलमा पढाउँछन् । बिहानको समयमा प्लस टुमा पढाउँछन् । त्यसपछि बेलुका ट्युसन पढाउँछन् । त्यति गर्दा मासिक दुई लाखसम्म कमाउँछन् । गाउँमा त्यस्तो अवसर हुँदैन,' अध्यक्ष मोक्तानले भने । गाउँमा हिजोकोजस्तो शिक्षकले सम्मान पाउने अवस्था अहिले नरहेको उनको भनाइ छ । शिक्षकलाई ल्याएर सबै कुरा बेहोरिदिने, आवासको व्यवस्था गरिदिने गरेको तर, अहिले समाज र विद्यालयको बिग्रिँदै गएको सम्बन्धले शिक्षक अभाव हुन थालेको मोक्तानको भनाइ छ । अब शिक्षकलाई एउटै नजरले हेर्न नहुने उनले बताए । राम्रो खालको शिक्षकलाई त्यही अनुसारको सुविधा दिनुपर्ने उनले प्रस्ट पारे । शिक्षक माथिबाट पठाउने र पठाइएको ठाउँमा नजाने समस्या देखिएको भन्दै त्यसमा अब विद्यालयहरूले समेत आधारभूत आवश्यकता पूरा गर्ने गरी थप सेवा सुविधा दिएर भएर पनि शिक्षकको व्यवस्थापन पर्नुपर्ने अवस्था रहेको मोक्तानको भनाइ छ । 'निजी स्रोतको शिक्षक राख्नुपर्ने भयो भने के के सुविधा थप गर्नुपर्ने हो, त्यो थपेर, फकाएर लैजानुपर्ने छ । कोठा भाडा तिरिदिने, तरकारी ल्याइदिने, खानामा सघाइदिने, अतिरिक्त कक्षाको व्यवस्था मिलाइदिने जस्ता व्यवस्था गरेर शिक्षक ल्याउनुपर्ने अवस्था छ,' मोक्तानले भने, 'शिक्षकलाई कक्षामा बस्नका लागि थप आकर्षणको व्यवस्था गर्नुपर्छ ।' त्यसरी शिक्षकलाई फकाएर ल्याउन नसकेको खण्डमा शिक्षक नपाएर विद्यालयको गुणस्तर झन् खस्किने सम्भावना रहेको अध्यक्ष मोक्तानले बताए । 'गाउँमा राम्रो शिक्षक, राम्रो विद्यार्थी तथा राम्रो अभिभावक नै नबस्ने अवस्था भयो । गाउँ पूरै रित्तिँदै गयो । राम्रो शिक्षा गाउँमा पुऱ्याउन सकियो भने, राम्रो अभिभावक पनि गाउँमा बस्छन् र राम्रो विद्यार्थीसमेत हुन्छन् । त्यसैले भूगोल तथा ठाउँ अनुसारको राम्रो सुविधा शिक्षकलाई दिनुपर्छ,' अध्यक्ष मोक्तानले भने ।

सहरमा शिक्षकको सङ्ख्या धेरै हुने, कम पढाउँदा पनि हुने र अन्य अवसर पनि हुने भएकाले आफ्नो क्षमता अभिवृद्धि गर्न सहज हुन्छ । कमाइसमेत राम्रो हुन्छ । अहिले शिक्षण पेसा नै नरोज्ने अवस्था देखिएको उनको भनाइ छ । शिक्षक सेवा आयोगले लिने परीक्षामा समेत कतिपय कोटा नै खाली हुने गरेको छ । विशेषगरी गणित, विज्ञान विषयको कोटा खाली हुने अर्को वर्षमा विज्ञापन गर्ने गरेको देखिन्छ । अब यसका लागि विश्वविद्यालयको शिक्षा नै फरक ढङ्गबाट अगाडि बढाउनुपर्नेमा मोक्तानको जोड छ । 'विश्वविद्यालयलाई विद्यालयसँगै जोडेको देखिँदैन । विश्वविद्यालयमा विज्ञान, गणित अंग्रेजीजस्ता विषय पढ्नका लागि उत्प्रेरित गराउनुपर्छ,' उनले भने, 'यसलाई सपोर्ट गर्ने खालको कार्यक्रम ल्याउने । राम्रा विद्यार्थीलाई एजुकेशन पढ्नतिर आकर्षित गराउनुपर्छ ।' विज्ञापनबारे थाहा नहुँदा अभाव देखियो शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माले दुर्गम जिल्लाहरूमा राहत तथा करारमा शिक्षक नपाउने समस्या रहेको बताए । केन्द्रले अंग्रेजी, गणित, विज्ञान लगायत ८/९ त्यस्ता विषयको सूची तयार पारेको छ । ती विषयमा शिक्षक पाउन गाह्रो भइरहेको र त्यसका लागि जुनसुकै विषय पढेकाले लाइसेन्सको परीक्षा दिन पाउने व्यवस्था गरिएको महानिर्देशक शर्माले बताए । 'शिक्षक पाउन गाह्रो हुने ८/९ वटा विषय आइडेन्टिफाइ गरेका छौँ । ती विषयको शिक्षक पाउन गाह्रो छ,' उनले भने, 'त्यसका लागि जुनसुकै विषय पढेकाले पनि लाइसेन्सको परीक्षा दिन पाउने व्यवस्था गरेका छौँ । तर, त्यसबारे जानकार नहुँदा सोचेअनुसार आउनुभएको छैन ।' अर्को समस्या भनेको चाहिने क्षेत्रमा शिक्षक नहुनु र सहर केन्द्रित बढी हुनु नै रहेको उनको भनाइ छ । 'गाउँमा साइन्स पढेको शिक्षक चाहिएको हुन्छ । साइन्स पढेको मान्छे सहरभन्दा बाहिर जान खोजेको देखिँदैन । कतिपय अवस्थामा गरिएको विज्ञापन समेत थाहा नपाउने समस्या । जान नहुने तयार एउटा समस्या छ,' महानिर्देशक शर्माले भने, 'अर्को भनेको गरिएको विज्ञापन नै थाहा नपाउनु हो ।'

*-रातोपाटी डटकम*

# इन्जिनियरको चुनाव र गर्नुपर्ने काम

**रामराज शर्मा**

भौतिक संरचनाको विकास पनि देश विकास मापन गर्ने एक माध्यम हो। देशभर सडक सञ्जालको अवस्था र घनत्व, विद्युत् खपतको परिणाम, आधुनिक भौतिक संरचना, व्यवस्थित शहरीकरण जस्ता इन्जिनियरिङ विकासको मापनद्वारा देश कति सम्पन्न छ भन्ने आकलन गर्न सकिन्छ । आधुनिक निर्माण कार्यमा स्वास्थ्य र सुरक्षा अनि निर्माणबाट हुने वातावरणीय असर, बायोलोजिकल नेट गेन (बीएनजी), इकोलोजीमा पर्ने असर जस्ता कुराहरू पनि जोडिएर आउँछन् । त्यसैले अहिलेको विकास केवल भौतिक संरचनामा मात्र सीमित रहने अवस्था भने पक्कै छैन । एशियाली विकास बैंकको आँकडा अनुसार नेपालमा १०० वर्ग किलोमिटरमा जम्मा ४७ किलोमिटर सडक छ भने प्रति १००० जनतामा २.५ किलोमिटर सडक रहेको देखिन्छ । विद्युत् उत्पादन र खपतको आँकडा हेर्ने हो भने नेपालमा प्रतिव्यक्ति विद्युत् खपत १६०० किलोवाट प्रति घण्टा मात्र छ । जबकि भारतको ७६००, अमेरिका ७६०००, जापान ३९००० किलोवाट प्रतिघण्टा रहेको देखिन्छ अर्थात् विकसित देशहरूमा ऊर्जा खपतको मात्रा निकै धेरै छ । जलस्रोतको धनी देशमा विद्युत् उत्पादन र खपतको यो नाजुक अवस्था छ । सडक सञ्जाल र ऊर्जा नै देशमा समृद्धि निम्त्याउने आधार हुन् । जबसम्म यी क्षेत्रको विकास गर्न सकिन्न तबसम्म हामी समृद्धिको भऱ्याङ चढ्न सक्दैनौं । भौतिक संरचना निर्माणमा खासगरी तीन फरक पक्षको संलग्नता हुन्छ- लगानीकर्ता, परामर्शदाता र निर्माणकर्ता वा निर्माण कम्पनी । यी तीन पक्षमा नै इन्जिनियरहरूको खास भूमिका हुन्छ । लगानीकर्ताले आयोजनामा लगानी गर्न उपयुक्त छ-छैन भनेर निर्णय पनि इन्जिनियरकै सुझाव सल्लाहमा गर्ने गर्दछन् । डिजाइन गर्ने काम डिजाइनरको रूपमा इन्जिनियरले नै गर्छन् भने निर्माण कार्यमा पनि इन्जिनियरकै संलग्नता हुन्छ । आयोजनाको प्रारम्भिक अध्ययनदेखि निर्माण सम्पन्न मात्र होइन, प्रयोग हुँदा अर्थात् अपरेशन फेजमा पनि इन्जिनियरकै आवश्यकता पर्दछ । इन्जिनियरिङका फरक-फरक विधा छन्– मेकानिकल, इलेक्ट्रिकल, सूचनाप्रविधि, मेडिकल, कृषि, वातावरण, स्वास्थ्य र सुरक्षा लगायत विभिन्न क्षेत्रका इन्जिनियरिङ विधामध्ये यो लेख सर्वसाधारणले बुझ्ने सिभिल, भूगर्भ र आर्किटेक्ट इन्जिनियरलाई केन्द्रमा राखेर लेखिएको छ । इन्जिनियरहरू भौतिक निर्माणका आधार मात्र होइनन्, रोजगारी सिर्जना गर्ने उद्यमी पनि हुन् । उनीहरूले परामर्शदाता कम्पनी खोलेर नयाँ तथा अनुभवी धेरैलाई रोजगारी सिर्जना मात्र गरेका छैनन् केही ठूला कम्पनीहरूले विदेशमा (पाकिस्तान, अफ्रिकाका केही देश, भुटान, अफगानिस्तान लगायत धेरै देशहरू) आफ्नो सेवा विस्तार गर्दै नेपालमा विदेशी मुद्रा पनि भित्र्याएका छन् । यिनै इन्जिनियरहरूको संयुक्त संस्था नेपाल इन्जिनियर्स एशोसिएसन (एनइए) को ३४औं कार्य समितिको चुनाव यही भदौ २८ गते हुँदैछ । २०१९ सालमा स्थापना भएको यो संस्थामा राजनीतिक पार्टीहरूका प्यानलले चुनाव लड्ने भएतापनि आजसम्म अरु संस्था जस्तो राजनीतिक फुट आएको छैन, एकजुट छ र समग्र इन्जिनियरहरूको हकहितको लागि आवाज उठाइरहेकै छ । अहिलेको विश्व एक समग्र गाउँ जस्तो भएको छ । एक देशबाट अर्को देशमा बसाइँ सर्ने काम सामान्य हुँदै गइरहेको छ । तर देशमा अत्यावश्यक जनशक्ति विदेशिंदा नेपाललाई निकै ठूलो घाटा भने भएकै छ । इन्जिनियर बन्ने बित्तिकै क्यानडा, अस्ट्रेलिया, अमेरिका, बेलायत अनि मिडलइस्ट हानिनेको संख्या निकै ठूलो छ । यस्तो किन भइरहेको छ ? के देशमा रोजगारी नभएर नै हो त ? कि नेपालमा जागिर गरेर परिवार पाल्न नै समस्या हुने हुनाले यस्तो भएको हो ? वा अन्य के कारण छन् ? विदेश पलायन भएका जनशक्तिलाई देश फर्काउन किन सकिएको छैन ? यी विषयमा अब आउने एनइए नेतृत्वले विशेष काम गर्नुपर्नेछ । केही हप्ताअघि भएको नेपाल इन्जिनियर्स डेमा प्रधानमन्त्री केपी ओली इन्जिनियरको तलबमान सुनेर अचम्म पर्नु भो । के यही अवस्था रहे अब उत्पादन हुने इन्जिनियर देशमै रहलान् त ? यो निकै गम्भीर विषय हो । सम्पूर्ण राजनीतिक दल यो विषयमा गम्भीर हुनैपर्छ जसको लागि एनइएले पहल गर्नैपर्छ । सकिन्छ विदेशिएका इन्जिनियरलाई देश फर्काउने वातावरण तयार गरौं, सकिन्न विदेशिने बाढी रोकौं । ब्रेन ड्रेन रोकौं ब्रेन गेनतर्फ सोचौं । अहिले के हुँदैछ भने बेलायत, युरोपका धेरै देश, अमेरिका, क्यानडा अस्ट्रेलिया लगायत अन्य धेरै देशले आफ्नो देशमा प्राविधिक कर्मचारी राखेर काम गराउँदा सोही देश अनुसारको तलबमान दिनुपर्ने हुनाले एशिया र अफ्रिकाका देशहरूमा आफ्नो कार्यालय सिर्जना गरी सोही देशका प्राविधिकहरूलाई काम गराउने र स्थानीय देशको भन्दा केही राम्रो तलब दिने गरी आफ्नो आवश्यकता पूर्ति गरिरहेका छन् । कामको गुणस्तर उनीहरूले नै निर्धारण गर्ने हुनाले कमसल काम हुन पनि पाउँदैन । म आफैंले काम गर्ने अफिसको भारतमा चारवटा कार्यालयहरू छन् जसमा २५०० भन्दा धेरै भारतीयहरूले रोजगारी पाएका छन् । उनीहरूले गर्ने सम्पूर्ण डिजाइन बेलायती मापदण्ड अनुसार नै हुन्छ । मेरै पहलमा अर्को एक कम्पनीको शाखा नेपालमा सुरु गरिएको छ जसमा अहिले १४ जना कर्मचारी कार्यरत छन् । उनीहरूलाई बेलायती मापदण्ड अनुसारको काम गर्ने तालिम दिइएको छ, तलबमान पनि नेपालको तुलनामा निकै राम्रो छ । समय समयमा उनीहरूलाई बेलायत ल्याएर प्राविधिक तालिम दिने गरिएको छ । तुरुन्त सुरु गर्नु आवश्यक छ । वर्षात्को समयमा बाढीपहिरो र डुबानको समस्या प्रत्येक वर्ष भोगिरहनु परेको छ, राजमार्गहरू अवरुद्ध हुँदा समग्र देशको आर्थिक अवस्थामै असर परिरहेको छ । यस्ता समस्या दीर्घकालीन रूपमा समाधान गर्न इन्जिनियरहरूले नै पहिल्याउनुपर्छ । जल विज्ञान, बाढी विज्ञान, भूगर्भ अनुरूपको डिजाइन लगायत धेरै कुराहरूको नेपाली भूगोलमा मेल खाने गरी आफ्नै डिजाइन र निर्माण निर्देशिका निर्माण गर्नुपर्नेछ । यस्ता कुराहरूमा सरकारलाई आफ्नो तर्फबाट के कसरी सहयोग गर्न सकिन्छ भनेर विज्ञहरूको टोली निर्माण गरी सम्बन्धित मन्त्रालय वा मन्त्रीलाई दबाब दिने काम अब नयाँ आउने नेतृत्वले गर्नुपर्ने देखिन्छ। देशमा दीर्घकालीन विकास र समृद्धिको ढोका खोल्न सरकार मात्र होइन एनइए जस्ता प्राविधिकहरूका सङ्गठनहरू अग्रसर हुनै पर्दछ । अर्को महत्वपूर्ण काम भनेको, समाजमा इन्जिनियरलाई हेर्ने दृष्टिकोणमा सुधार ल्याउनुपर्नेछ । इन्जिनियर भनेपछि घुस खान्छन् नै भन्ने समाजमा गहिरो छाप परेको देखिन्छ । यसमा केही सत्यता पनि छ । हो केही इन्जिनियरहरू अहिले पनि पीसी अर्थात् पर्सनल कमिशन विना काम नगर्ने गरेको देखिन्छ । नैतिकता बाहिर गएर काम गर्ने केही इन्जिनियरहरूले गर्दा समग्र पेशा नै बदनाम भइरहेको यो चुनौतीपूर्ण अवस्थामा समग्र इन्जिनियरिङ पेशा सुधारिएको छ र नेपाली इन्जिनियरहरू पेशाप्रति इमानदार छन् भन्ने सन्देश प्रवाह गर्न आउने नेतृत्वले कुनै कसर बाँकी राख्नुहुन्न । समय-समयमा आफ्ना सदस्यहरूलाई व्यावसायिक नैतिकता सम्बन्धी कार्यशालाहरू गर्ने, अनियमिततामा मुछिएका इन्जिनियरलाई कारबाही गर्न सरकारलाई सहयोग पुऱ्याउने, यदि कोही इन्जिनियर पेशागत नैतिकताबाट च्युत भएको पाइएमा सदस्यता निलम्बन गर्ने जस्ता क्रियाकलापहरू गर्नाले समाजमा इन्जिनियरलाई हेर्ने दृष्टिकोणमा पक्कै परिवर्तन आउनेछ । विगत ३० वर्षदेखि निजी इन्जिनियरिङ कलेज मार्फत विभिन्न विधाका इन्जिनियरहरू उत्पादन भइरहेका छन् । माथि लेखिए झैं प्राय: ती इन्जिनियरहरू सर्टिफिकेट पाउने बित्तिकै विदेशिने तयारी गर्दछन् । विदेशिनुका पछाडि विविध कारण भए पनि एउटा मूल कारण आफ्नो विषयको रोजगारी र राम्रो तलबमान देशमै नपाउनु पनि एक हो। इन्जिनियरिङ शिक्षा देशको आवश्यकताका आधारमा केन्द्रित हुनुपर्थ्यो तर त्यस्तो हुन सकेन । देशमा प्रत्येक वर्ष कुन विषयका इन्जिनियर कति मात्रामा चाहिने हो र कुन मात्रामा उत्पादन भैरहेका छन् त्यस्तो कुनै आँकडा छैन। सूचनाप्रविधि क्षेत्रमा पनि बजार माग वा आवश्यकता र उत्पादनको अनुपात निकै गहिरो छ । यो अवस्थामा उत्पादित इन्जिनियर विदेश पलायन नभएर उपाय पनि छैन । एनइएले सरकार र इन्जिनियरिङ काउन्सिलसँग मिलेर देशको आवश्यकता के हो, कति संख्यामा कुन विधाका इन्जिनियर हरेक वर्ष उत्पादन गर्नुपर्ने हो जस्ता विषयमा गहन छलफल गरेर सोही अनुसार नीति निर्माण र शिक्षा पद्धतिमा परिवर्तन ल्याउन पहल गर्नु आवश्यक छ । निरन्तर व्यावसायिक वृत्ति विकास (सीपीडी) इन्जिनियरहरूको पेशागत जीवनमा अति नै महत्वपूर्ण पक्ष हो। सरकारी र निजी सबै क्षेत्रका इन्जिनियरहरूलाई पेशामा अब्बल रहिरहन र आधुनिक प्रविधिसँग जोड्न यो निकै आवश्यक छ । सरकार, इन्जिनियरिङ काउन्सिल र एशोसिएसन मिलेर निरन्तर व्यावसायिक वृत्ति विकासको लागि संयुक्त रूपमा निश्चित मापदण्ड बनाएर यो सुविधालाई तुरुन्तै व्यवस्थित गर्न अब निर्वाचित हुने एशोसिएसन कार्यसमितिले तुरुन्तै काम थाल्नुपर्ने देखिन्छ । नेपालमा इन्जिनियर बनेर अहिले विदेशी माटोमा आफ्नो पेशा गरिरहेका र विदेशमै इन्जिनियर पढेर उतै सेवा गरिरहेका नेपाली मूलका इन्जिनियरहरूले नेपालसँग जोडिएर आफ्नो प्राविधिक ज्ञान र अनुभव नेपालमा साट्ने प्रयत्न स्वरूप विभिन्न देशमा आफ्नो संगठन निर्माण गरेका छन् । बेलायत, अमेरिका, क्यानडा र अस्ट्रेलिया लगायत देशहरूमा रहेका नेपाली र नेपाली मूलका इन्जिनियरहरूलाई एनइएले आफ्नो छाताभित्र ल्याउन पहल गर्नु आवश्यक छ । प्रविधिको स्थानान्तरण मात्रै होइन विदेशी लगानी भित्र्याउन पनि यस्तो सहकार्य उपलब्धिमूलक हुन सक्दछ । इन्जिनियरहरूका धेरै समस्या छन्, कार्य क्षेत्रमा सुरक्षाको ग्यारेन्टी, प्राविधिक कार्यालयमा गैर प्राविधिकको नेतृत्वमा काम गर्नुपर्ने अवस्था, न्यून तलबमान, निर्माण क्षेत्रमा रहँदाका अपर्याप्त सुविधा लगायत धेरै समस्या छन् । अर्कोतर्फ परामर्शदाता कम्पनी र निर्माण कम्पनीहरू देशभित्रकै काम गर्नको लागि विदेशी कम्पनीहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । नेपाली कम्पनीहरूलाई दिन सकिने सुविधा र प्राथमिकता दिइएको छैन जसले गर्दा नेपाली कम्पनीहरूले सोचे जस्तो प्रगति गर्न सकेका छैनन् । केही निजी कम्पनीहरूले इन्जिनियरलाई अति नै न्यून तलबमानमा काम लगाउने, समयमा तलब नदिने गरेको पनि देखिन्छ । यी यावत् विषयमा अब चुनिएर आउने नेतृत्वले प्राथमिकताका साथ काम गर्नुपर्नेछ । चुनाव सफलताका साथ सम्पन्न होस्!

*-अनलाइन खबर डटकम*

# आज मोतीराम भट्टको जन्मजयन्ती मनाइँदै



**पाल्पा**, भदौ १६/भाद्र कुशे औंसीका दिन आज राष्ट्रिय विभूति युवाकवि मोतीराम भट्टको जन्मजयन्ती देशभर विभिन्न साहित्यिक कार्यक्रम गरी मनाइँदै छ । भट्टले नेपाली साहित्यको क्षेत्रमा पु¥याएको योगदानको स्मरण गर्दै मोती जयन्ती मनाउन लागिएको होइ।

वि.सं. १९२३ भाद्र कुशे औंसीका दिन जन्मेका युवाकवि भट्टको वि.सं. १९५३ भाद्र कुशे औंसीकै दिन ३० वर्षको उमेरमा निधन भएको थियो । भट्टले नेपाली साहित्यको श्रीवृद्धिका लागि ठूलो योगदान पु¥याएका छन् । नेपाली साहित्यको शृङ्गार रसलाई योगदान दिएका युवाकवि भट्टले आदिकवि भानुभक्तको जीवनी पहिलो पटक प्रकाशनमा ल्याए । नेपालमा छापाखाना भित्राएको श्रेय समेत उनले नै पाएका छन् । उनका 'मोतीराम भट्टका उपलब्ध ग्रन्थावली','गजेन्द्रमोक्ष', 'प्रह्लाद भक्ति कथा','पिकदूत', 'भानुभक्तको जीवन चरित्र' लगायत कृति प्रकाशित छन् । भट्ट नेपाली कविताको माध्यमिक कालका केन्द्रीय प्रतिभा हुन् । आदिकवि भानुभक्त आचार्यले नेपालीमा अनुवाद गरेको रामायणको पाण्डुलिपी खोजी उनले नै विसं १९४१ मा प्रकाशन गराएका थिए । भट्ट नेपाली साहित्यका पहिलो भूमिका लेखक समेत हुन् । नेपाली साहित्यको माध्यमिक कालका सूत्रधार मोतीराम भट्टको योगदानको नेपाली साहित्यमा विशिष्ट स्थान रहेको छ । माध्यमिककालीन साहित्यको पर्यायका रूपमा चिनिने भट्ट बहुमुखी प्रतिभाका धनी भएका कारण साहित्यको हरेक विधामा सफलतासाथ कलम चलाउन सफल भए । मोतीराम भट्टले नेपाली साहित्यमा नरहेको श्रृङ्गारिक साहित्यलाई प्रवेश गराउनको साथै हिन्दी तथा उर्दूमा प्रचलित गजल र संस्कृतमा प्रचलित समस्यापूर्ति कवितालाई नेपाली साहित्यमा प्रवेश गराई मलजल हाली फलाउने र फैलाउने कार्य गरे । शासकस्तुतिलाई छाडेर भाषा र साहित्यको सेवा गर्ने व्यक्तिको जीवनी लेखी चिनाउने मोतीरामले भानुभक्तका अन्य कृतिहरूको खोजी गरी आफैंले सम्पादन गरेर प्रकाशित गर्नुका साथै भानुभक्तका समकालीन कविहरूका बारेमा अनुसन्धान र अन्वेषण गरे । मोतीराम भट्टले छापाखाना खोली त्यसको प्रबन्धकका रूपमा काम गरे भने पुस्तकालय स्थापना गरी पुस्तकालयका संस्थापक पनि भए । समग्रमा मोतीराम कवि, गजलकार, गीतकार, समस्यापूर्तिकार, नाटककार, नाटक निर्देशक, प्रकाशक, प्रबन्धक र जीवनीकार हुन् । गद्य र पद्य दुवै साहित्यमा कलम चलाउन सक्ने भट्ट सफल तथा अग्रणी युग सचेतक हुन् ।

# आज कुसे औंसी...

...आफूलाई जन्म दिई हुर्काएर, पढाएर सक्षम बनाउने बाबुआमालाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको मुख्य कर्तव्य पनि हो । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा-मीठा खानेकुरा तथा कपडा लिएर बाबुको मुख हेर्न ओइरिन्छन् । यसलाई सकारात्मक रुपमा लिएपनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन ।

पिताको सेवा र सम्मान गर्दा जतिको पुण्य कुनै यज्ञबाट सम्भव छैन । बाबुको सम्मान र सेवा गर्दा आफू पनि लोकबाटै सम्मानित भइने र भविष्यमा आफूले पनि आफ्ना सन्तानबाट त्यस्तै सेवा-सम्मान पाइन्छ भन्ने कुरा कुनै पनि सन्तानले बिर्सनु हुँदैन । अघिपछि बुबाआमालाई वास्ता नगर्ने र वर्षको एक दिन सम्मान गरेको देखाउन खानेकुरा र लुगाफाटा लिएर भेट्न जाने संस्कार छ, जुन गलत हो । यसो गरिनुहुँदैन । पिता वर्ष भरि नै पुजनीय हुन्छन् ।

## खेलकुद समाचार

# नेपालको पहिलो खेल पाकिस्तानसँग



**काठमाडौं**, भदौ १७/भुटानमा यही सेप्टेम्बर २० देखि ३० सम्महुने साफ यू(१७)च्याम्पियनसिप २०२४ को पहिलो खेलमा नेपालले पाकिस्तानसँग खेल्ने भएको छ ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले आइतबार सार्वजनिक गरेको खेलतालिकाअनुसार समूहबीमा रहेको नेपालले पहिलो खेलमा सेप्टेम्बर २१ मापाकिस्तानसँगप्रतिस्पर्धा गर्नेछ । यस समूहमा नेपाल र पाकिस्तानसँगै आयोजक भुटान र श्रीलंका छन् । समूह ए मा साविकविजेताभारतसँगै माल्दिभ्स र बंगलादेश छन् । प्रतियोगितामा दक्षिण एसियाका सातवटै राष्ट्र सहभागि छन् । ७ टोलीलाई दुई समूहमाविभाजनगरिएको छ । नेपालले दोस्रो खेल श्रीलंकासँग सेप्टेम्बर २३ मा रसमूहको अन्तिम खेल सेप्टेम्बर २५ मा भुटानसँग खेल्नेछ ।

दुवै समूहको शीर्ष दुई स्थानमा रहने टोली सेमिफाइनलप्रवेश गर्नेछन् । फाइनल खेल सेप्टेम्बर ३० माहुनेछ । गतवर्ष भुटानमै भएको साफ यू १७च्याम्पियनसिपमा नेपाल समूह चरणबाटै बाहिरिएको थियो ।

# शैक्षिक...

...विद्यालयका प्रधानाध्यापक दीपकप्रसाद ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै दुई करोड बन्दा बढीको आयव्यय पेश गरे । उनले सबैको सहयोग र साथका कारण नै स्कुलले ७४ वर्ष मनाउन सफल भएको भन्दै सबैलाई धन्यवाद दिए । सोही अवसरमा एक लाख १५ हजार बराबरको छात्रावृत्ति समेत वितरण गरिएको र परीक्षामा उत्कृष्ट अंक ल्याई विद्यार्थी पास गराउन सफल १० जना शिक्षकहरुलाई सम्मान समेत गरिएको विद्यालयकी शिक्षक मन गहिरेले जानकारी दिइन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विधानप्रसाद श्रेष्ठको अध्यक्षता, शिक्षक चोला प्रसाद ज्ञवालीको स्वागत, शिक्षक गोपाल बस्यालको धन्यवाद ज्ञापन र शिक्षक रिना श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन

दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट



**काठमाडौं**, भदौ १७/साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा करिब दुई प्रतिशतको गिरावट देखिएको छ भने कारोबार रकम पनि घटेको छ । नेप्से परिसूचक ५३ दशमलव ६३ अङ्कले घटेर दुई हजार छ सय ९५ दशमलव ९३ को बिन्दुमा कायम भएको हो ।

आइतबार तीन सय ३७ कम्पनीको दुई करोड ६२ लाख ४६ हजार चार सय ३५ कित्ता शेयर एक लाख ३० हजार छ सय ३२ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५१ करोड ७६ लाख ८२ हजार तीन सय ४९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । म्युचुअल फण्ड शून्य दशमलव ८० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी वित्त समूह तीन दशमलव ४४, होटल तथा पर्यटन दुई दशमलव ९८ र बैंकिङ दुई दशमलव ३४ प्रतिशतले घटेको छ । त्यसैगरी, विकास बैंक एक दशमलव ८५, जलविद्युत् दुई दशमलव ४०, लगानी एक दशमलव ३३, जीवन बीमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन एक दशमलव ८०, लघुवित्त एक दशमलव ८८, निर्जीवन बीमा एक दशमलव २३, व्यापार शून्य दशमलव १९ र अन्य समूह एक दशमलव ०४ प्रतिशतले बढेको छ ।

आइतबार सुपरमाई हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने पिपुल्स हाईड्रोपावर कम्पनी लिमिटेड र माईखोला हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी गुडविल फाइनान्स लिमिटेडको रु ५२ करोड ३१ लाख १० हजार चार सय ९२ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सानिमा लार्ज क्याप फण्डको आठ लाख चार हजार आठ सय कित्ता शेयर कारोबार भएको छ ।

# पेट्रोलियम पदार्थको...

...एलपी ग्यासको खरिद मूल्यमा प्रतिसिलिन्डर ३५ रुपैयाँ ११ पैसाले बढेर आएको भएपनि हाललाई बिक्री मूल्य यथावत् नै राखिएको निगमले जनाएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका ।गि प्रतिलिटर एक सय ६० रुपैयाँ ५० पैसा तोकेको छ । यसअघि पेट्रोलको १ सय ६२ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ६२ पर्ने छ । यहाँ पनि यस अघि १ सय ६३ रहेको थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ६३ तोकेको छ । यस अघि यहाँ १ सय ६४ थियो । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५१ रुपैयाँ ५० पैसा पर्ने छ । यस अघि १ सय ५२ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ५३ पर्ने छ । यहाँ यस अघि १ सय ५४ रुपैयाँ थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ५४ कायम भएको छ । यस अघि १ सय ५५ रुपैयाँ रहेको थियो । पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपाय रहेका छन् ।


**लुम्बिनी प्रदेश सरकार**

**उद्योग,पर्यटन तथा यातायात मन्त्रालय**

**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**घरेलु तथा साना उद्योग कार्यालय**

**तानसेन, पाल्पा**

**व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालनको लागि प्रशिक्षक सुचिकरण गर्ने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति: २०८१/०५/१७*

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका व्यवसायिक तथा सिपमूलक तालिम कार्यक्रमका लागि योग्यता पुगेका ईच्छुक प्रशिक्षकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा सुचिकरणको लागि कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | तालिमको विवरण | तालिम अवधि |
|---|---|---|
| १. | Dhaka Weaver Training | ४५४ घण्टा |
| २. | Motorcycle Mechanic Training | ३९० घण्टा |
| ३. | हाते ट्रयाक्टर र पावर ट्रिलर मर्मत तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| ४. | करुवा निर्माण तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |

**नोट:** उल्लेखित कार्यक्रमको सञ्चालन विधि, प्रशिक्षकको योग्यता, आवश्यक कागजात र तालिम सम्बन्धी अन्य मापदण्ड 'व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालन (पहिलो संशोधन) कार्य विधि, २०८१' बमोजिम हुनेछ जुन मन्त्रालयको वेवसाइ www.moletm.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । (थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे)को मो.नं. ९८५७०८३४३२ मा सम्पर्क गर्न सकिनेछ ।)

**उद्योग अधिकृत**

**घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com प्र.जि.हु.द.नं. ५/२०७८/०७९, प्र.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई